# हरिहरपुरगढी गाउँपालिका

| स्थानीय राजपत्र | | |
|---|---|---|
| खण्ड : १० | संख्या : ८ | गाउँ सभाबाट पारित मिति : २०८३।०३।३० |

**भाग-१**

**हरिहरपुरगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**झनझने, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

नेपालको संबिधानको धारा २२६ बमोजिम हरिहरपुरगढी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## विनयोजन ऐन, २०८३

**१. प्रस्तावना** : हरिहरपुरगढी गाउँपालिका, सिन्धुली २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१)आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७५,५६,८१000.00 (अक्षेरुपी रुपैयाँ पचहत्तर करोड छपन्न लाख एकासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची -१

**(दफा २ सँग सम्बन्धित)**

**संचित कोषबाट विनियोजन हुने रकम**

| सि. नं. | बजेट उपशीर्षक | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | ४८,०८,३१,००० | २३,४८,५०,००० | ७१,५६,८१००० |
| २ | वडा समिति | ० | ४,००,००,००० | ४,००,००,००० |
| कुल जम्मा | | ४८,०८,३१,००० | २७,४८,५०,००० | ७५,५६,८१००० |

<u>आज्ञाले</u>

**कृष्णहरि न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**